

तस्बिर : रासस

**भारतका स्थलसेनाध्यक्ष जनरल धीरज सेठ बुधबार पोखराको रामबजारस्थित भारतीय पेन्सन क्याम्पमा आयोजित कार्यक्रममा भारतीय सेनामा रहँदा घाइते भएका सैनिकलाई सहयोगका लागि स्कुटरको साँचो हस्तान्तरण गर्नुहुँदै ।**

# सात वर्षदेखि अलपत्र अस्पताल

**कुस्मा समाचारदाता**
*कुस्मा (पर्वत), भदौ ३ गते*

पर्वतको बिहादी गाउँपालिका–२, बर्राचौरमा निर्माणाधीन १५ सिट क्षमताको आधारभूत अस्पताल भवन निर्माण सुरु भएको सात वर्ष बितिसक्दा पनि अलपत्र अवस्थामा छ। ठेकेदारको ढिलासुस्तीले निर्माणको करिब ५० प्रतिशत काम पूरा भइसके पनि बाँकी काम कहिले सम्पन्न हुने र अस्पताल कहिलेदेखि सञ्चालनमा आउने भन्ने यकिन छैन।

ग्रामीण क्षेत्रका नागरिकलाई स्थानीयस्तरमै सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको अस्पतालको भवन निर्माण कार्य लामो समयदेखि अलपत्र अवस्थामा छ। अस्पताल निर्माणका लागि स्थानीयवासीले नौ रोपनी जग्गा निःशुल्क प्रदान गरेका थिए। गाउँमै अस्पताल बनेपछि सामान्य उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता हट्ने सोचले उब्जाउ जग्गा दान गर्ने स्थानीय कृषक अहिले निराश छन्। बर्राचौर–२ का पूर्वअध्यक्ष रहिसकेका स्थानीय ओम कुँवरले गुनासो पोख्दै भन्नुभयो, "अस्पताल बनेर स्वास्थ्य सेवा पाइएला भन्ने पनि लाग्न छोडिसकेको छ। अस्पताल भवन बनाउने बेला भत्किएको कुलो लामो समय नबनेपछि कृषकले सास्ती बेहोर्नु परेको छ।" अस्पतालको पर्खाल बनेपछि ठेकेदारले पर्खालमाथि र तलबाट धान खेतमा पानी लैजाने कुलो बनाउने भन्ने थियो। तल्लो बर्राचौरका धेरै जग्गा बाँझो पल्टिन पुगेको छ। अस्पताल भवन कहिले बन्ने नै टुङ्गो छैन।

स्थानीय जग्गादातासमेत रहेका बर्राचौर स्वास्थ्य चौकीका प्रमुख भूपेन्द्र पौडेलले अस्पताल निर्माण कार्य लामो समयसम्म रोकिँदा राज्यको ठुलो लगानी जोखिममा परेको र निर्माण पूरा भइसकेका संरचनासमेत लामो समय प्रयोगविहीन हुँदा थप जीर्ण बन्दै गएको बताउनुभयो।

सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयका इन्जिनियर योगेन्द्र बस्ताकोटीका अनुसार सङ्घीय सरकारको योजना अन्तर्गत निर्माण सुरु गरिएको अस्पताल २०७७ मङ्सिरमा भ्याली बाबुरत्न जेभीले ठेक्का लिएको थियो। करिब छ करोड रुपियाँको लागतमा निर्माण थालिएको अस्पताल १७ महिनाभित्र सम्पन्न गर्ने सम्झौता थियो। कुल ११ हजार ७८० वर्ग फिट क्षेत्रफलको एकतले पक्की अस्पताल भवन निर्माणको काम अहिलेसम्म ५० प्रतिशत मात्रै पूरा भएको छ।

निर्माणाधीन अस्पताल भवनको साइट इन्जिनियरसमेत रहनुभएका बस्ताकोटीका अनुसार ठेकेदारले भवन निर्माणमा ढिलाइ गरेपछि ठेक्का सम्झौता तोड्ने प्रक्रियामा पुगेको भए पनि सरकारको पछिल्लो निर्णय अनुसार निर्माण सम्झौता अवधि थप गर्न लागिएको छ।

बिहादी गाउँपालिकाका प्रशासकीय अधिकृत थमन रेस्मीले केन्द्रीय योजना अन्तर्गत निर्माण हुन लागेको हुँदा अस्पतालको अलपत्र अवस्था, ठेक्का सम्झौताको अवधि, हालसम्म भएको भुक्तानी तथा बाँकी कामका विषयबारे आफूलाई विस्तृतमा जानकारी नभएको बताउनुभयो। स्थानीय तहको प्रमुख स्वास्थ्य पूर्वाधारका रूपमा रहेको आयोजनाको निर्माण प्रगतिबारे सम्बन्धित अधिकारीसँग समेत पूर्ण विवरण नरहनुले आयोजना कार्यान्वयनको अवस्थामाथि प्रश्न उठाएको छ।

## खानेपानीको एक करोड महसुल अनुदान

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, भदौ ३ गते*

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाले लिफ्टिङ खानेपानी योजनाको एक करोड एक लाख ९५ हजार २९८ रुपियाँ विद्युत् महसुल अनुदान दिएको छ।

लिफ्टिङ तथा भूमिगत खानेपानी आयोजना विद्युत् महसुल अनुदान कार्यविधि, २०७९ का आधारमा विद्युत्‌को प्रयोगबाट खानेपानी योजनामा खपत युनिटका आधारमा अनुदान दिइएको कार्यालयका प्रमुख किरण पौडेलले बताउनुभयो। प्रदेश सरकारको लिफ्टिङ तथा भूमिगत खानेपानी योजनालाई विद्युत् महसुलमा अनुदान दिने कार्यक्रम अन्तर्गत स्याङ्जा र कास्कीमा सञ्चालन भएका १३४ योजनालाई अनुदान दिइएको हो। डिभिजन कार्यालय स्याङ्जाले स्याङ्जाका एक सय योजनालाई ५९ लाख ८४ हजार ८५१ रुपियाँ र कास्कीका ३४ वटा योजनालाई ४२ लाख १० हजार ४४७ रुपियाँ अनुदान दिएको हो।

कार्यालयले मासिक २५ हजार रुपियाँसम्मको विद्युत् खपत गर्नेलाई शतप्रतिशत अनुदान दिएको छ। यस्तै मासिक २५ हजारदेखि ३५ हजार रुपियाँसम्मको महसुलमा ८० प्रतिशत र मासिक रूपमा ३५ हजारदेखि ५० हजार रुपियाँसम्मको विद्युत् खपत गर्नेलाई ६० प्रतिशत र मासिक रूपमा ५० हजारदेखि ८० हजार रुपियाँसम्म विद्युत् खपत गर्नेलाई विद्युत् महसुलको ३० प्रतिशत अनुदान दिने गरेको पौडेलले बताउनुभयो।

यस्तै मासिक रूपमा ८० हजारभन्दा बढीको विद्युत् खपत गर्ने योजनामा १० प्रतिशत अनुदान कार्यालयले उपलब्ध गराएको हो। तीन स्टेप वा सोभन्दा बढी स्टेप पानी तान्ने योजना र प्राविधिक जटिलता भएका योजनाका हकमा भने ४० हजारको ९० प्रतिशत, ६० हजारसम्म ६५ प्रतिशत, ८० हजारको ४० प्रतिशत र ८० हजार रुपियाँभन्दा बढी महसुल खपत गर्ने योजनालाई १५ प्रतिशत अनुदान दिइएको हो। स्याङ्जा र कास्की गरी दुई जिल्लाका योजना कार्यान्वयन गर्दै आएको कार्यालयले स्याङ्जातर्फ २३३ र कास्कीमा १४४ योजनामा ९१ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ।

# हिमालबारे क्युआर कोडमार्फत जानकारी



**क्युआर कोडबारे जानकारी गराउनुहुँदै प्रनाउ राजन कार्की ।** *तस्बिर : ठाकुरप्रसाद आचार्य*

**बेनी समाचारदाता**
*बेनी, भदौ ३ गते*

हिमालको आधार शिविर तथा पदमार्गबारे पर्यटकलाई सूचना तथा आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले क्युआर कोड सञ्चालनमा ल्याइएको छ।

जिल्ला प्रहरी कार्यालय म्याग्दीले आधार शिविरको पदयात्राका लागि जाने पर्यटकको सुरक्षा र सूचना तथा जानकारी सहज तरिकारले उपलब्ध गराउन क्युआर कोडमार्फत पदयात्रीले अन्नपूर्ण आधार शिविरको सम्पूर्ण जानकारी लिन सक्ने बनाएको हो। म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४, नारच्याङमा पर्ने अन्नपूर्ण हिमाल आठ हजार ९१ मिटर उचाइमा छ।

क्युआर कोडमार्फत अन्नपूर्ण प्रथम आधार शिविर र मौरिस हर्जोग पदमार्गसँग सम्बन्धित सम्पूर्ण जानकारी प्राप्त गर्न सकिने व्यवस्था गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी नायब उपरीक्षक राजन कार्कीले बताउनुभयो। क्युआर कोड मोबाइलमा स्क्यान गरेपछि प्रहरी कार्यालय, फोन नम्बर, होटेलको जानकारी, आधार शिविर जान लाग्ने समय, पदमार्गको अवस्था, नारच्याङको बेसीगाउँदेखि पदमार्ग सुरु हुने हुमखोलासम्मको सडकको अवस्था र सञ्चालन हुने यातायात साधनको नम्बरसहितको सम्पूर्ण विवरण हेर्न सकिने छ।

धेरै पर्यटकले आधार शिविरका बारेमा प्रहरी कार्यालयमा फोन गरेर जानकारी लिने गरेकाले पर्यटकको सहजताका लागि क्युआर कोड सञ्चालन गरिएको प्रहरी निरीक्षक तथा सूचना अधिकारी सागर तिमिल्सिनाले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालयकै जनशक्ति र क्षमता उपयोग गरेर क्युआर कोड विकास गरिएको उहाँले बताउनुभयो। उक्त क्युआर कोडलाई बेनीको बसपार्क, भुरुङ तातोपानी, अन्नपूर्ण आधार शिविर जाने मौसिरस हर्जोग पदमार्ग र ठुला पर्यटकीय होटलहरूमा टाँसिने सूचना अधिकारी तिमिल्सिनाले बताउनुभयो।

पछिल्लो समय अन्नपूर्ण आधार शिविर आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ।

## राहुपारे बस्ती खाली

**बेनी समाचारदाता**
*बेनी, भदौ ३ गते*

म्याग्दीको रघुगङ्गा गाउँपालिका–३, राहुपारेमा ११ वर्षदेखि सार्वजनिक जग्गामा अस्थायी टहरा बनाएर बस्दै आएका बैँसरी पहिरोपीडितको बस्ती खाली गराइएको छ। गाउँपालिकाको पटक पटकको आग्रहपछि बस्ती खाली भएसँगै मङ्गलबार अस्थायी टहरा तथा संरचना हटाइएको हो। गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी, प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेल, वडा नम्बर ३ का वडाध्यक्ष खिमबहादुर शाहीसहितको टोली राहुपारेमा पुगेर अस्थायी टहरा डोजर लगाएर खाली गराइएको हो। विसं २०७२ साल जेठ १० गते गएको बैँसरी पहिरोबाट विस्थापित भएकाहरू राहुपारेस्थित सामुदायिक वनको जग्गामा अस्थायी टहरा बनाएर बसोबास गर्दै आएका र उनीहरूको वैकल्पिक बसोबासको व्यवस्था अन्यत्रै गर्न लगाएर बस्ती खाली गर्न लगाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले बताउनुभयो।

गाउँपालिकाको असार ३१ को कार्यपालिका बैठकको निर्णयबमोजिम राहुपारे क्षेत्रमा सार्वजनिक जग्गा, सडकको अधिकार क्षेत्र तथा सार्वजनिक उपयोगका लागि छुट्याइएको स्थान अतिक्रमण गरी निर्माण गरिएका टहरा हटाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पौडेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पटक पटकको ताकितापछि अस्थायी रूपमा बसोबास गर्दै आएकाले बस्ती छाडेर गएपछि त्यहाँ रहेका घरटहरालाई हटाइएको छ। गाउँपालिकाभित्र सार्वजनिक जग्गा अतिक्रमण भएका अन्य ठाउँको समेत खोजी गरी त्यसलाई अतिक्रमणमुक्त बनाउने अभियानमा गाउँपालिका लागेको छ।"

राहुपारेमा बसोबास गर्दै आएका बैँसरीका पहिरोपीडितको अन्यत्र वैकल्पिक बसोबास गर्ने ठाउँ भएपछि गाउँपालिकाले सार्वजनिक सूचना र मौखिक रूपमा समेत ठाउँ खाली गर्न अनुरोध गरेको थियो। पछिल्लो पटक गाउँपालिका र अस्थायी टहरामा बसोबास गर्दै आएकाबिच साउन मसान्तभित्र राहुपारे अस्थायी बस्ती खाली गर्ने सहमति भएको थियो। ११ वर्षदेखि सार्वजनिक जग्गामा अस्थायी टहरामा बसोबास गर्दै आएकालाई आफ्नै घरजग्गामा फर्कन अनुरोध गरेबमोजिम बस्ती छाडेर गएपछि त्यहाँ रहेका टहरा भत्काउने र भौतिक संरचनाको फोहोरलाई व्यवस्थित गर्ने काम गरिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०५।०४** **मुद्दा फाँट–२, मुद्दा नं.०८१-DR-०८०२**

वादी **सिद्धार्थ बैंक लिमिटेड** प्रतिवादी तपाईंहरू तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०३।१६ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०४।२८ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनु होला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन ।

**तपसिल**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्राईभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भई लुम्बिनी प्रदेश बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १८ सुर्खेत रोड, कारकाँडोमा कार्यालय रहेको ओम त्रिलोकनाथ टायर हाउस (प्रा.फ.नं. ३४१४७/०७७/०७८, दर्ता मितिः २०७७/१२/११) का प्रोप्राइटर हरिप्रसाद पौडेलकी छोरी, कृष्णप्रसाद उपाध्यायकी पत्नी, बाँके जिल्ला, साविक रनियापुर गा.वि.स. वडा नं. १ परिवर्तित लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. २ न्यूरोड बुद्धटोल बस्ने वर्ष ५३ की ऋणी कोपिला उपाध्याय (ना.प्र.नं. ४६५६, जारी मिति २०५५/०८/२७, जि.प्र.का., बाँके)..........१

माहा शर्माकी छोरी, राम प्रसाद उपाध्यायकी पत्नी, बाँके जिल्ला, साविक रनियापुर गा.वि.स. वडा नं. १ परिवर्तित लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. २ न्यूरोड बुद्धटोल बस्ने वर्ष ७६ की व्यक्तिगत जमानी कर्ता गंगा देवी उपाध्याय (ना.प्र.नं.१५५७१, जारी मिति २०४५/१२/११, जि.का., बाँके)..........१

मोतिलाल उपाध्यायको नाति, खडानन्द उपाध्यायको छोरा, बाँके जिल्ला, साविक रनियापुर गा.वि.स. वडा नं. १ परिवर्तित लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. २ न्यूरोड, बुद्धटोल बस्ने वर्ष ८२ को व्यक्तिगत जमानी कर्ता राम प्रसाद उपाध्याय (ना.प्र.नं. १५२७४, जारी मिति २०४५/११/२९, जि.का., बाँके).......१

रामप्रसाद उपाध्यायको नाति, कृष्ण प्रसाद उपाध्यायको छोरा, लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. २ न्यूरोड, बुद्धटोल बस्ने वर्ष २४ को व्यक्तिगत जमानी कर्ता विक्रम प्रसाद उपाध्याय (ना.प्र.नं. ६६-०१-७४-०१९४१, जारी मिति २०७४/०४/०४, जि.प्र.का., बाँके)..........१

खडानन्द उपाध्यायको नाति, रामप्रसाद उपाध्यायको छोरा, बाँके जिल्ला, साविक रनियापुर गा.वि.स. वडा नं. १ परिवर्तित लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. २ न्यूरोड बुद्धटोल बस्ने वर्ष ४४ को व्यक्तिगत जमानी कर्ता कृष्ण प्रसाद उपाध्याय (ना.प्र.नं. ४१३०, जारी मिति २०५५/०४/१७, जि.प्र.का., बाँके)....१

**Mid-West University**
**Central Office**
**Birendranagar, Surkhet**

**Notice to Open Financial Bids**

**Date of Publication: 2083/05/04**

1. Pursuant to Rule 31(Ja), Sub Rule 5 of Public Procurement Regulation 2064, this is hereby notified to all concerned bidders as per the Notice dated 2082/11/17 (1st March, 2026) Published on "Gorakhapatra National Daily" that the list of successful bidders in technical proposal, have been listed below.

**List of Successful Bidders:**

| S.N. | Name of the Contract | Contract Identification No. | Name & Address of Successful Bidder | Remarks |
|---|---|---|---|---|
| 1. | Construction of Lab Block at Graduate School of Science & Technology. | MU/SKT/ WORKS/ NCB/04/082/083 | M/s Arun Nirman Sewa [Mainapokhar, Bardia, Nepal] | |
| | | | M/s Manik Builders [Birendranagar-03, Surkhet] | |
| | | | M/s BSCS/SC J.V. [Dhangadhi, Kailali] | |
| | | | M/s Jagannath-Maha-Seabird J.V [Kathmandu,Nepal] | |

2. All the qualified bidders in technical bids are therefore, notified to send their authorized representative for financial bid opening on the following time, date and address.
Time: 14:00 Hrs.
Date: 2083/05/11
Location: Mid-West University, Central Office, Surkhet

***Registrar***

**Invitation for Bids**
***Government of Madhesh Province***
***Ministry of Physical Infrastructure Development***
***Infrastructure Development Directorate***
***Provincial and Local Roads Improvement Program (PLRIP)***
***Provincial Project Management Unit (PPMU)***
***Janakpurdham, Dhanusha, Nepal***

**Request for Bids Works**

**(Two-envelope Bidding Process Without Prequalification)**

**Employer:** *Provincial Project Management Unit (PPMU), Janakpurdham, Dhanusha, Nepal*
**Project:** *Provincial and Local Roads Improvement Program (PLRIP)*
**Contract title:** *Upgrading/Construction works of Kalaiya-Malahi Road (16.226Km) of Bara District*
**Country:** *Nepal*
**Loan No. /Credit No. / Grant No.:** ***P171836 (Loan)***
**RFB No:** PLRIP/M/BARA/W/ICB/UG/01/083-84
**Issued on:** ***August 20, 2026***

1. *The Government of Nepal [*GoN*] has received financing from the World Bank toward the cost of the Provincial and Local Roads Improvement Program (PLRIP) and intends to apply part of the proceeds toward payments under the contract for Upgrading works of* **Kalaiya-Malahi Road (16.226Km) of Bara District**. *For this contract the Borrower shall process the payments using the Direct Payment disbursement method, as defined in the World Bank's Disbursement Guidelines for Investment Project Financing.*
2. **The** *Provincial* **Project Management Unit (PPMU), Janakpurdham, Dhanusha** *invites sealed bids from eligible Bidders for the procurement of* **Upgrading works of Kalaiya-Malahi Road (16.226Km) of Bara District. The construction period is Two (2) years.** *The works consists of two phases: (a)* ***Phase: 1 Construction/ /Upgrading Works-*** *The Upgrading works of* **Kalaiya-Malahi Road (16.226Km) of Bara District** *consisting of the Site Clearance, Earthworks. flexible pavement construction, rigid pavement construction, Road safety and traffic management work, retaining structures, culverts, drain and bio-engineering works, etc., and (b)* ***Phase 2: Performance Based Maintenance Works for 5 years*** *(Maintenance works consisting of all activities to be carried out to achieve and keep the road assets as defined in the Technical Specifications) after completion of construction/ improvement/ upgrading works, under International Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Both phases will be awarded under this procurement but phase 1 (upgrading works) will be fully funded by the World Bank whilst the phase 2 (maintenance works) will be funded by the government of Nepal.*
3. *will be conducted through international competitive procurement using Request for Bids (RFB) as specified in the World Bank's "Procurement Regulation for IPF Borrowers, 7th edition dated September 2025" ("Procurement Regulations") and is open to all eligible Bidders as defined in the Procurement Regulations.*
4. *Bids will be evaluated in accordance with the evaluation process set out in the bidding documents. The following weightings shall apply for Rated Criteria (including technical and non-price factors):* **60 %**. *and for Bid cost:* **40 %.**
5. *Interested eligible Bidders may obtain further information and inspect the bidding documents during the office hours (i.e., 9:00 to 17:00 hours) at the address given below or at the Website: https://ppmu.madhesh.gov.np*
6. *A single-stage, two envelope RFB process will be used, and the Proposal will consist of (i) the Technical Part, without any reference to prices; and (ii) the Financial Part, as detailed in the RFB Document. The Bidding document in English may be purchased by interested eligible Bidders upon the submission of a written application at the address below and upon payment of a nonrefundable fee* **NRs 20,000.00 (In Words: Twenty Thousand Only)** *or* ***US$ 150****. The method of payment will be direct deposit to the following account.*
***Information to deposit the cost of bidding document in Bank:***
*Name of the Bank:* **Rastriya Banijya Bank Ltd, Janakpurdham**
*Name of Office:* **Provincial and Local Roads Improvement Program (PLRIP), Provincial Project Management Unit (PPMU), Janakpurdham, Dhanusha**
*Office Code no.:* **3370017032**
*Office Account no.:* **1000100200010000**
*Rajaswa (revenue) Shirshak no.:* **14229**
7. *Bids, both Technical and Financial must be submitted in hard copy, at the address below by hand/courier on or before* **12:00 hours (Nepal Standard Time) on October 6, 2026.** *The outer Bid envelopes marked "ORIGINAL BID", and the inner envelopes marked "TECHNICAL PART" will be publicly opened in the presence of the Bidders' designated representatives and anyone who chooses to attend, at the address below on* **Project Management Unit (PPMU), Janakpurdham, Dhanusha**, **13:00 hours (Nepal Standard Time) on October 6, 2026.** *All envelopes marked "FINANCIAL PART" shall remain unopened and will be held in safe custody of the Employer until the second public Bid opening.*
8. *Late Bids will be rejected. The "TECHNICAL PART" of the bid will be publicly opened in the presence of the Bidders' designated representatives and anyone who chooses to attend, at the address below immediately after bid submission deadline on* **October 6, 2026.** *at* **13:00** *hrs. "FINANCIAL PART" of the bid shall remain unopened until the second public Bid opening, notified after completion of evaluation of Technical Part of the bid.*
9. *All Bids must be accompanied by a: (i) "Bid Security" of US$* **200,000.00** *or NPR* **30,800,000.00**, *(ii) Local Labour Method Statement and (iii) Sexual Exploitation and Abuse (SEA) and/or Sexual Harassment (SH) Declaration. Bids must be valid until* **January 4, 2027**. *Bids must be accompanied by a original copy of the bid security which shall be valid until* **February 3, 2027.**
10. *Attention is drawn to the Procurement Regulations requiring the Borrower to disclose information on the successful bidder's beneficial ownership, as part of the Contract Award Notice, using the Beneficial Ownership Disclosure Form as included in the bidding document.*
11. *The address (es) referred to above is :*
*Project Director*
*Provincial and Local Roads Improvement Program (PLRIP)]*
*Provincial Project Management Unit (PPMU), Janakpurdham , Dhanusha.*
*(Beside the office of District Coordination Committee Janakpurdham , Dhanusha.)*
*Contact No: +977- 9854029667.*
*Website: https://ppmu.madhesh.gov.np/*